# दोश्रो गाउँसभाबाट

## आर्थिक बर्ष २०७५।०७६ को लागि स्वीकृत नीति, कार्यक्रम र बजेट

## (सार्वजनिकीकरण कार्यक्रम)

# पिपरा गाउपालिका

२०७५ श्रावण १३ गते, आइतबार

# पिपरा गाउपालिकाको दोश्रो गाउसभामा पेश भएको
# आर्थिक बर्ष २०७५।०७६ को नीति, कार्यक्रम र बजेट
## (सार्वजनिकीकरण कार्यक्रम)

प्रमुख अतिथीज्यू

विशेष अतिथीज्यूहरु

अतिथीज्यूहरु

गाउ सभाका सदस्यज्यूहरु

उपस्थित सबै महिला तथा सज्जनबृन्दहरु

आदरणीय सबै गाउबासी दाजु भाइ, दिदीबहिनीहरु,

सञ्चारकर्मी मित्रहरु

सहयोगी सबै कर्मचारीहरु

नेपालको संविधान कार्यान्वयन आएपश्चात गठित स्थानीय तहको निर्वाचन भएपछिको पिपरा गाउपालिकाको सम्मानित दोश्रो गाउसभामा आगामी आर्थिक बर्ष २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम तथा वजेटको संक्षेपीकरण रुप प्रस्तुत गर्न उपस्थिति भएको छु । यस अबसरमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

यस अवसरमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र तराई मधेश आन्दोलनका क्रममा आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति अत्यन्त निष्ठापूर्वक आफ्नो भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दै वहाँहरुको आत्माको चिर शान्तिको कामनाका साथ सम्पूर्ण शहिद परिवारप्रति सम्मान व्यक्त गर्दछु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरु प्रति हार्दिक सहानुभुति प्रकट गर्दै वहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

जनताको शासन जनताबाट नै हुने निर्वाचन पद्धती अनुरुप गाउबासीहरुबाट अमुल्य मत प्राप्त गरी निर्वाचित भई विगत १५ बर्षदेखि रिक्त स्थानीय राजनीतिक नेतृत्व सम्हालेको १ बर्ष पुग्न लाग्दैछ । यस अवस्थासम्म आफुलाई आधिकाधिक मात्रामा जनसेवामा समर्मित हुने अवसर प्राप्त भएको छ । जसबाट उपलब्ध साधनको अधिकतम विनियोजन, परिचालन उपयोग र विकासको अवस्था देखा परेको छ । नागरिकहरुलाई नजिकबाट सेवा प्रदान गर्ने तथा प्रत्यक्ष र तत्काल लाभको अनुभूति दिई विकास निर्माणका योजना तथा कार्यक्रम संचालन गर्ने, स्थानीय नीति नियम निर्माण गर्ने, नियमन गर्ने लगायतका कार्यबाट नागरिकमा स्थानीय नेतृत्वप्रति विश्वास र भरोसा अभिबृद्धि भएको छ । जसबाट स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्थापित गर्न सहज हुँदै गएको छ ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु,

२०७४ सालमा साविकका पिपरा, रतौली, एकरहिया, सोहडवा र बनौली दनौली गरी ५ वटा गा.वि.स.लाई मिलाई समेटेर पिपरा गाउपालिका बनेको छ । यस अवस्थामा गाउक्षेत्रको विस्तार सँगै व्यवस्थापनको सन्दर्भमा हाम्रा सामु अवसर र चुनौती दुवै सिर्जना भएका छन्  । समृद्ध पिपरा को आधार- कृषि, उद्योग, पर्यटन र पूर्वाधार भन्ने मुल अभिप्रायले पिपरा  गाउपालिका अगाडी बढीरहेको छ । विस्तारित गाउक्षेत्र भित्र बौधीमाई मन्दिर, विद्यापति डीह, हनुमान मन्दिर, सलहेश मन्दिर, शिव मन्दिर जस्ता ऐतिहासिंक, प्राकृतिक, सांस्कृतिक र धार्मिक महत्वका धरोहरहरु रहेका छन् । उक्त स्थानहरुमा भौतिक पुर्वाधारको विकास र प्रचार-प्रसार गर्न सकिएमा पर्यटन प्रवर्द्धनका माध्यमवाट गाउको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ । त्यसैगरी यस गाउक्षेत्रमा फराकिलो मात्रामा कृषियोग्य भूमी, प्राकृतिक श्रोत साधनहरु समेत रहेको हुँदा त्यसको योजनाबद्ध परिचालन र व्यवस्थापन गर्न सकिएमा स्थानीय आर्थिक विकासले गति लिने प्रवल सम्भावना छ ।

ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सवल सम्भावना र अवसरहरु भएता पनि गाउको समग्र आर्थिक, सामाजिक विकास प्रकृयालाई अघि वढाउन हाम्रा सामु केहि चुनौतीहरु पनि छन् । विस्तारित क्षेत्रका वासिन्दाहरुमा विकसित गाउको अनुभुती दिलाउनु, सीमित साधन श्रोत र जनशक्तिका माध्यमवाट विस्तारित गाउका आवश्यकताहरुलाई सम्वोधन गर्नु, विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, उत्पादनशिल क्षेत्रमा साधन श्रोतको परिचालन गर्नु, निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकिकरण र व्यावसायीकरण गर्नु, स्थानीयस्तरमा उद्यमशिलताको प्रवर्द्धन गर्नू र स्वच्छ, सफा र सुरक्षित गाउको विकास गरी गाउमा सुशासनको प्रवर्द्धन गर्नु आदि मुख्य चुनौतीहरु विद्यमान छन् । उल्लिखित चुनौतीहरुका वावजुद विकास प्रति सम्पूर्ण गाउवासीहरुको ऐक्यवद्धता र उत्साहले अपेक्षित उपलव्धि हासिल गर्न सकिन्छ भन्ने मैले विश्वास लिएकोछु । साथै गाउपालिकाको आन्तरिक आयको श्रोत वृद्धि गर्ने, बढ्दो शहरीकरणलाई सुव्यवस्थित गर्ने, गाउको सौन्दर्यतालाई अभिबृद्धि गर्ने र वातावरणीय सन्तुलन कायम राख्न नियमित सरसफाई गर्ने, फोहरमैलाको उचित व्यवस्थापन गर्ने जस्ता कार्यहरु गाउपालिकाको एकल प्रयासबाट मात्र सम्भव नहुने स्थिति रहेकोले यी यस्ता कार्यहरुमा सार्थक र सकृय सहयोग पुर्‍याउन म सम्पूर्ण गाउवासीमा समेत हार्दिक अपिल समेत गर्न चाहन्छु ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु

अब म आर्थिक वर्ष २०७५/०७६ को वार्षिक गाउ विकास योजनाका केही पक्षहरु यस सम्मानित सभामा राख्न चाहन्छु । आर्थिक बर्षको वजेट तर्जुमा गर्दा गाउँपालिका रणनीतिक महत्वका योजना लगायत पूर्वाधार विकासमा पछि परेका क्षेत्रहरुलाई समेट्ने गरी योजना कार्यक्रमहरु छनौट गरिएकोछ । यसवाट सवै क्षेत्रका वासिन्दामा गाउको अनुभूति प्राप्त हुने विश्वास लिएको छु ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु,

अव म गाउमा अत्यावश्यक देखिएका केही पूर्वाधारहरुको विषयमा यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु । गाउ क्षेत्रको विस्तार संगै गाउमा सडक सन्जाल समेत विस्तार भएको छ । विद्यमान सडकहरु बीच एक आपसमा अन्तर सम्वन्ध कायम गरी गाउवासीहरुको आवागमनलाई सहज वनाउन र गाउको चौतर्फी विकासलाई सहयोग पुर्‍याउन चालु आर्थिक बर्षमा गाउपालिका क्षेत्र भित्र रणनीतिक योजनाहरुको निर्माण गरिने छ ।

आर्थिक बर्ष २०७४।०७५ को यस अवधिसम्म वडा स्तरीय योजना तथा गाउपालिका स्तरीय योजनाहरुहरु संचालन भए । जसअन्तर्गत वडामा सहभागितामुलक योजना तर्जुमा प्रक्रियाबाट आएका योजनाहरु जस्ताको तस्तै कार्यान्वयन गर्ने प्रक्रिया अपनाइयो । वडास्तरीय योजना मार्फत वस्ती तथा टोलमा विभिन्न योजनाहरु संचालित भईरहेका छन् । जसबाट रोजगारी सिर्जना हुनुको साथै विकास व्यवस्थापनमा सहज बनेको देखिन्छ । जसबाट स्थानीय विकास निर्माणमा निक्कै सकरात्मक प्रभाव परेको देखिन्छ भने स्थानीय सरकारप्रति जनताको भरोसा समेत बढ्दै गएको छ ।

तथापी कार्यान्वयनको चरणमा यथेष्ट वित्तीय श्रोत नहुनु, प्राविधिक एवं प्रशासनिक क्षमता पर्याप्त नुहनु, कार्यप्रक्रियालाई सरलिकरण गर्न नसक्नु, आवश्यक नीति, कानून तथा नियमावली तथा निर्देशिकाहरु निर्माण गर्न नसकिनु, सडक विस्तार तथा निर्माणको क्रममा आईपर्ने द्धन्दलाई समयमा न्यूनीकरण गर्न नसकिनु, अन्य निकायहरुबाट समयमा सहयोग एवं समन्वय नपाईनु जस्ता चुनौती आइनै रहे । त्यसको लागि यस सिकाईबाट आगामी आर्थिक बर्षमा कार्य गर्दा चुनौती व्यवस्थापन सहज हुने छ भन्ने अपेक्षा समेत लिइएको छ ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु

अव म पिपरा  गाउपालिकाले आ.ब. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधान, २०७२ को प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय तथा प्रादेशिक सरकारले अंगिकार गरेको
- आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय सरकार संचालन ऐन तथा अन्य नियमावलीका प्रावधानहरु
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शान, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु
- पिपरा  गाउपालिकाले आवश्यक ठानेका बिषयहरु

उपस्थित महोदय,

अव म पिपरा गाउपालिकाले आ.ब. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु :

- भौतिक पूर्वाधार र सामाजिक विकास
- नीतिगत, कानुनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता
- बालबालिकाको हित संरक्षण एवं महिला सशक्तिकरण र क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सिर्जना
- ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रबर्द्धन
- सररफाई र वातावरणीय स्वच्छता अभिबृद्धि
- अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु,

अव म पिपरा गाउपालिकाले आर्थिक बर्ष २०७५।०७५ को लागि तय गरेका नीतिहरु यहाँहरु समक्ष राख्न चाहन्छु ।

१. पुर्वाधार एवं शहरी विकास सम्बन्धी नीति

- स्वच्छ सफा हरित सुन्दर पिपरा, समृद्ध सुशासन हाम्रो अविभारा भन्ने मुल नारालाई स्थापित गराउनका लागि एकीकृत गाउ विकास गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ ।
- गाउ यातायात गुरु योजना तर्जुमा गरी गाउपालिकाकाका सडकहरुको वर्गीकरण गरी गरिने छ । त्यो तयार नहुञ्जेलसम्म वडाले कायम गरेर ल्याएको मापदण्डलाई गाउपालिकाबाट परिमार्जन सहित आवश्यकताको आधारमा सडक सीमा तोकिने छ ।
- आवधिक योजना निर्माण गरी त्यसले निर्धारण गरेको प्राथमिकताका आधारमा निर्माण कार्यहरु अगाढी बढाइने छ ।
- नयां जग्गा प्लानिंग गर्ने प्रक्रियालाई कार्यविधि बनाई व्यवस्थित बनाईने छ । गाउपालिकासँग स्वीकृती नलिई जग्गा प्लटिंग गर्ने कार्यलाई नियन्त्रण गरिने छ ।
- सुरक्षित र प्रविधि मैत्री गाउ निमार्ण गर्ने नीति अबलम्बन गरिने छ । जसका लागि गाउका सबै वडाको मूख्य मूख्य चौक तथा गाउ केन्द्रमा फ्रि वाईफाई जडान गर्ने कार्य प्रारम्भ गरीने छ । यसको लागि निजी क्षेत्र एवं विभिन्न संघसंस्थासँगसमेत सहकार्य गरिने छ ।
- पिपरा  गाउपालिका भित्र गाउ विकास कार्यक्रम अन्तर्गत बृहत गूरुयोजना तयार गरी स्मार्ट भिलेजको रुपमा समेत परिणत हूनेगरि कार्यक्रम ल्याइनेछ ।
- पूर्वाधारको लागि आवश्यक नीति तथा कानून, निर्देशिका तथा कार्यविधि निर्माण गरी व्यवस्थित गरिने छ ।
- राजमार्गसँग जोडिएका सडक कम्तीमा २० फिट कायम गरिने छ ।

२) शिक्षा तथा खेलकुद सम्बन्धी

- यस गाउपालिका भित्र रहेका कुनै पनि विद्यालय जाने उमेरका बालबालिकाहरु  विद्यालय बाहिर नरहने वातावरण सिर्जना गरिने छ ।

- शिक्षाको गुणस्तर बढाउने तथा आधुनिक शिक्षा पद्धति कायम गर्दै लगिनेछ ।
- प्राविधिक, सीपमूलक तथा व्यवसाहिकमूखी शिक्षामा जोड दिइनेछ ।
- दण्ड तथा हिंसारहित वातावरणको श्रृजना गरी शिक्षण पद्धतिमा अभिवृद्धि गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालहरुमा आधारभूत तहमा शिक्षाको माध्यम अंग्रजी भाषा र कक्षा ३ सम्म शिक्षाको माध्यम  मातृभाषा कायम गर्दै लगिनेछ ।
- शिक्षण कार्यमा अध्यधिक रुपमा विधुतीय माध्यमको पहुँच बढाउदै लगिनेछ ।
- पठनपाठन कार्यका लागि अभिभावकहरुलाई बढी जिम्मेवारमूखि भूमिकाको लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालयको भौतिक निर्माण कार्यहरु बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री हुनेछन् ।
- विद्यालयहरुमा स्थानीय तहको श्रोत समेत सदुपयोग गरी आवश्यकतामा आधारित सेवा सुविधाहरु समेत प्रवाह गरिनेछ ।
- बालबालिकाहरुलाई खेलकुद तथा अतिरिक्त क्रियाकलामहरुमा बढी भन्दा बढी सहभागी गराई बौद्धिक, मानसिक एवं शारीरिक पक्षको विकासमा जोड दिइनेछ ।
- शिक्षकहरुको पेशागत दक्षताका लागि क्षमता विकास तालिमहरु संचालन गरिनेछन् ।
- विद्यार्थीहरुको सिकाई उपलब्धी बढाउन नमूना विद्यालयहरुको अवलोकन भ्रमण गरी नयाँ नौलो उपयोगी कुराहरुलाई अवलम्बन गरिनेछ ।
- विद्यालयको लेखा परीक्षण तथा सामाजिक परीक्षणलाई पारदर्शिता एवं यथार्थमूखि बनाउनलाई प्रोत्साहित गरिनेछ ।
- विद्यालयमा विद्यार्थीहरुलाई टिकाई राख्नका लागि प्रोत्साहन स्वरुप सेवा सुविधाहरु उपलब्ध गराइनेछ ।
- पिपरा  गा.पा. मा भएका सबै सामुदायिक विद्यालयहरुमा बाल विकास केन्द्र कायम गरी एक विद्यालय एक बाल विकास केन्द्र कार्यान्वयन गरिनेछ ।
- विद्यालयमा विद्यार्थीहरुलाई टिकाई राख्नका लागि प्रोत्साहन स्वरुप सेवा सुविधाहरु उपलब्ध गराइनेछ ।
- अनौपचारिक शिक्षा अन्तर्गतका कार्यक्रमहरु संचालन गरी निरक्षर रहित गा.पा. बनाइनेछ ।
- विद्यालयमा उत्कृष्ट कार्य गर्ने शिक्षकहरुलाई प्रोत्साहन स्वरुप सम्मान तथा कदर गरिनेछ ।
- पिपरा  रहेका माध्यमिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न यसको व्यवस्थापकीय पक्ष सुधार गर्दै आवश्यक व्यवस्था गरिने छ ।
- गाउक्षेत्र भित्र रहेका संस्थागत विद्यालयले शिक्षा क्षेत्रमा पूर्याएको योगदानको उच्च कदर गर्दै त्यहाँ रहेको प्राज्ञिक ज्ञान, सिप, कला र क्षमतालाई गाउविकासमा उपयोग गर्न सहकार्य गरिने छ ।
- गाउस्तरीय अध्यक्ष कपको आयोजना गरिने छ तथा विभिन्न खेलकूदका कार्यक्रमहरु आयोजना गरिने छ ।

३) स्वास्थ्य तथा सरसफाई सम्बन्धी

- गाउपालिका क्षेत्रको फोहोरलाई व्यबस्थित बनाउन सार्वजनिक नीजि साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्ने कार्यको थालनी गरिने छ ।
- दिगो फोहोरमैला व्यवस्थापनका लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग समन्वय गरीने छ ।
- **KEEP PIPARA RURAL MUNICIPALITY CLEAN** अभियानलाई पूर्ण कार्यान्वयनमा ल्याईने छ । वडा स्तरीय सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरिने छ । हरेक टोलमा सीमा तोकि टोल विकास संस्था गठन गरी सक्रिय रुपमा परीचालन गरीने छ ।
- महोत्तरी जिल्लाको खानेपानी, सरसफाई तथा स्वच्छना रणनीति कार्य योजना अनुरुप खानेपानी, सरसफाई तथा स्वच्छता अभियानलाई निरन्तरता दिन गाउपालिकाले अन्य निकाय एवं गैर सरकारी संस्थाहरुसँग साझेदारी तथा सहकार्यमा कार्य अगाडी बढाइने छ ।
- गाउ क्षेत्रका विपन्न, गरिव, दलित एवं खानेपानीको पहुँच नपुगेको बस्ती तथा समुदायमा खानेपानी पहुँच बृद्धि गरिने छ ।
- आपतकालीन अवस्थाको सामना गर्न आर्थिक कोष, मानवीय जनशक्ति तथा औषधि लगायतका सामग्रीको भण्डारणको व्यवस्था मिलाइने छ ।
- पिपरा  गाउपालिका क्षेत्रका स्वास्थ्यसंस्थाहरुको सेवा विस्तार र पूर्वाधार विकासको लागि पहल गरिने छ ।
- नियमित तथा व्यवस्थित रुपले खोप सेवा संचालनको लागि प्रत्येक वडाहरुमा कम्तिममा १ खोप भवन निर्णण गरि संचालन गर्ने ।
- पूर्ण खोप सुनिश्चितताको लागि घर धुरि सर्वेक्षण गरि यकिन गर्न लगााई पूर्ण खोपलाई निरन्तरता दिने ।
- खोप सेवा लाई अझ व्यवस्थित तवरले संचालन गर्ने ।
- वालवालिका, गर्भवति तथा सुत्केरीहरुको उचित पोषणको लागि पोषण सम्बन्धि जन चेतना अभिवृधि मुलक कार्यकम संचालन गर्ने ।
- स्वास्थ्य संस्थाहरु बाट संचालन भैरहेको गॉउघर क्लिनिक प्रभावकारी रुपले संचालनको लागि समिति गठन तथा अभिमुखिकरण गर्ने ।
- स्वास्थय सेवाका कार्यहरु वारे आम समुदायमा जानकारी तथा उपभोग वारे स्वास्थ्य संस्थाहरुमा रहेको आमा समुह हरुलाई सवल वनाईने ।
- प्रत्येक स्वास्थ्य संस्थाहरुमा ओ.आर.टी.कर्नर अनिवार्य संचालन गरी व्यवस्थित गर्ने ।
- समयानुकुल निःशुल्क स्वास्थ्य शिविर प्रत्येक वडाहरुमा संचालान गर्ने ।
- व्यवस्थित सरसफाईको लागि स्वास्थ्य संस्थाहरु बाट समेत टोल समुदायमा सरसफाईमा अभिवृधि गराईने ।
- गर्भवति आमाहरु नजिककै स्वास्थ्य संस्थाहरु वाटै सेवा पाउने उदेश्यले वर्थिङ्ग सेन्टरहरु व्यवस्थित रुपले संचालन गर्ने ।

४) पशु, कृषि, सिचाई तथा भुमी सम्बन्धी

- पशुपालन पद्धतीलाई सुधार गर्न पशु स्वास्थ्य, पशु आहार विकास, कृत्रिम गर्भाधान सेवा लगायतका कार्यक्रम संचालन गरिने छ ।

- पशु उत्पादनको बजारीकरणमा सुधार ल्याई स्वस्छ दुध, मासु, फुल उत्पादन बृद्धि गर्ने ।
- गाउँ भित्रको कृषिको पकेट क्षेत्र तोकी व्यवसायिक कृषि खेतिलाई प्रोत्साहन गरिनेछ । व्यवसायिक कृषि खेतिलाई प्रोत्साहन गर्न उन्नत प्रविधि कृषकहरुका माझ पुऱ्याउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- पिपरा को ७ वटै वडामा **one ward one product** कार्यक्रम संचालन गरिनेछ । व्यबसायिक आर्गनिक खेति गर्न कृषकहरुलाई गाउपालिकाको तर्फबाट तालिम दिने, विउ विजन उपलब्ध गराउने साथै बजार व्यबस्थापनको लागि पहल गर्नेछ ।
- कृषि उत्पादनलाई सुरक्षित राख्नको लागि कृषि शित भण्डार खाद्यन्न भण्डार गृह निर्माण गर्न आवाश्यक पहल गरिनेछ । जसका लागि सरोकार वाला निकायहरुसंग सहकार्य गरि काम अगाडि बढाईनेछ ।
- कृषकहरुको लागि बीउ, बिजन, मलखाद अन्य कृषि सामाग्रीहरुको समयमै उपलब्ध हुने बातावरण मिलाउदै कृषि वीमा र वालि विविधिकरण कार्यक्रम समेत संचालन गर्न पहल गर्ने ।
- गाउ क्षेत्रका खेतियोग्य जमिनमा सहज सिचाई सुविधा पुयाउनका लागि नहर पैनि कुलोहरुको दिगो संरक्षण व्यवस्थापन तथा विकास गरिनेछ । भूमिगत सिचांई,डिप बोरीङ्ग सतह सिंचांई प्रविधिहरुको प्राथमिकता पूर्वक विकास गर्न निति अवलम्बन गरिनेछ ।
- कृषि यान्त्रिकीकरण गर्न अयकतफ जबचष्लन अभलतभच स्थापना गर्न पहल गरिनेछ ।
- कृषि सडक निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- कृषि थोक बजार निर्माण गर्ने र व्यवस्थित बजार स्थपना गरिनेछ ।
- कृषि तर्फका समुह, सहकारी अर्न्तगतका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।
- साना किसान सहकारी संस्था, पडरियासँगको साझेदारीमा दुग्ध जन्य उद्यम व्यवसाय अगाडी बढाउन प्रोत्साहित गरिने छ ।
- सार्वजनिक पोखरी, ताल, तलैया तथा दहहरुको लगत खडा गरी व्यवस्थीत गर्ने कार्य गरीनेछ ।
- सार्जजनिक जग्गा संरक्षण गर्न नापी तथा मालपोत एवं अन्य निकायसँग समन्वय गरिने छ ।
- भूमि सम्बन्धी गाउपालिकास्तरीय नीतिगत आधार तयार गरीनेछ ।

५) सामाजिक विकास सम्बन्धी

- प्रत्यक वडाको गाउंस्तरमा जनसंख्याको आधारमा महिला समिति गठन गरिनेछ ।
- विधालय विमुख किशोरी समुह गठनलाई पनि प्राथमिकता दिईनेछ ।
- महिला माथि हुने सबै प्रकारको हिंसाको अन्त्य गर्न आवाश्यक पहल गरिनेछ ।
- गर्भावस्थामा हुने लिगं पहिचान गरि गरिने भ्रुण हत्या बारे अस्पताल तथा क्लिनिकमा निगरानी बढाईनेछ ।
- शीपयुक्त र व्यवसायमुखी शिक्षा लागु गरि छोटो समयमै तालिम तथा शिक्षा आर्जनबाट महिलालाई स्वरोजगारका लागि पहल गरिनेछ ।
- महिला पुरुष समान हुन भन्ने सोचको श्रृजना गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- दहेज प्रथा विरुद्ध अभियानलाई तिव्रता दिईनेछ ।
  हिंसा पिडित महिलाको संरक्षण आवाश्यक सहयोग गरिईनेछ ।

- महिला भित्र पनि दलित पिछडिएको, अतिप्रभावित तथा प्राकृतिक प्रकोपमा परेका महिलालाई आवाश्यक सहयोग गरिनेछ
- एकल महिला विशेष कार्यक्रम सञ्चालनमा प्राथमिकता दिईनेछ ।
- सबै प्रकारका बाल हिंसा अन्त गर्दै बालश्रम न्यूनिकरणका लागि आवाश्यक कार्यक्रम गरिनेछ ।
- प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गर्न पहल गरिनेछ ।
- वेवारीसे अवस्थामा फेला परेका तथा सीमा पारी बेचिएका बालबालिकालाई उद्धार तथा पुर्नस्थपनाको लागि आवाश्यक पहल गरिनेछ ।
- बाल क्लब गठन तथा बाल सञ्जाल नियमन तथा सञ्चालन सम्बन्धि कार्यहरु सञ्चालन गरिनेछ ।
- बालबिवाह बिरुद्ध अभियानका कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा जेष्ठ नागरिकहरुको तथ्यांक तथा अभिलेखांकन गरिनेछ ।
- जोखिममा परेका जेष्ठ नागरिकहरुको उद्धार तथा संरक्षण गरिनेछ ।
- जेष्ठ नागरिकको सीप तथा अनुभवलाई सदुपयोग गर्न अर्न्तरपुस्ता सीप हस्तान्रण कार्यक्रम सञ्चालन गर्ने ।
- जेष्ठ नागरिक क्लब तथा भेटघाट केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ ।
- अपागंता भएको व्यत्तिको तथ्यांक संकलन तथा अभिलेखांकन गर्न जोड दिईनेछ ।
- अपागंता भएको व्यक्तिको मनोबल बढाउन तथा क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- यस गाउक्षेत्र भित्र छुवाछूत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरु तय गरी लागू गरीनेछ ।
- परम्परा देखि चलि आएको दलित वर्गको सिपलाई आधुनिकीकरण गरी संचालन सहयोग गर्ने नीति अवलम्बन गरीनेछ ।
- आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरीनेछ ।
- सु सभ्यता हाम्रो परिचय, संस्कृती हाम्रो पहिचान समृद्ध समतामूलक वातावरण मैत्री गाउ निमार्ण हाम्रो अभियान भन्ने नारालाई स्थापित गरी सबै भाषा धर्म संकृतिको संरक्षण सम्बर्द्धन र विकास गर्दै लैजाने नीति अबलम्बन गरीने छ ।
- आफ्नो मातृभाषामा शिक्षा दिन चाहने समुदायलाई गाउपालिकाले सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- यस गाउलाई बालमैत्री गाउको रुपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरीने छ ।
- बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

- गाउका विभिन्न स्थानमा स्थानीय नागरिक र सार्वजनिक नीजि साझेदारीमा बाल उद्यान निर्माण गरीने छ । यस प्रकारका बाल उद्यान निर्माणमा नीजि तथा सामूदायिक विद्यालयको सहकार्यलाई प्राथमिकता दिईनेछ ।
- मधेशी, मूस्लीम तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समूदायको हक हितको संरक्षण, सम्बर्द्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्म लाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरीनेछ ।

५) विपद् तथा वातावरण व्यवस्थापन सम्बन्धी

- विपद् पूर्व तयारी योजना निर्माण गरीने छ । गाउ क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न गाउ स्तरीय विपद व्यवस्थापन समिति/ वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन खडा गरी स्थानीय आपतकालीन केन्द्र सञ्चालन गरीने छ ।
- आगलागि र डढेलो नियन्त्रणका लागि स्थानीय समूदाय र सामूदायिक वन व्यवस्थापन समितिलाई चेतनाअभिवृद्धि गराईने छ ।
- यस गाउक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवम् नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अभियान जारी राख्नेछ ।
- विपद् प्रतिकार्य योजनाका लागि नेपाल प्रहरी, सशत्र पहरी समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरीने छ ।
- प्राकृतिक र अप्राकृतिक रुपमा आईपरेको विपद व्यवस्थापन गर्न विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।

वातावरण सम्बन्धी

- यस गाउलाई हरियाली गाउ निर्माणका साथ वातावरण मैत्री बनाउन प्रयन्त गरिने छ । त्यसको लागि बृक्षारोपणको कार्यक्रम संचालन गर्नको साथै प्रत्येक घरले न्युनतम रुपमा २ वटा विरुवा रोप्नु पर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ ।
- एक घर चार विरुवाको नीति अवलम्बन गरीने छ । जसका लागि नयां बन्ने घरको इजाजत दिदां उल्लेखित कुरा खुलाई अनुमति दिईनेछ भने सम्पन्नता प्रमाणपत्र दिदां चार बिरुवा आगन/करेसावारीमा व्यपारी प्रयोजन बाहेकका घरमा रोपेको फोटो समेत पेश गर्ने अनिवार्य व्यवस्था गरीनेछ ।
- जलाधार क्षेत्र, सिमसार तथा पानीका मुहान/स्रोतलाई संरक्षण गरीनेछ ।
- जलवायु अनुकुलन खेती प्रणालीको विकासका लागि प्राविधिक सहयोग र सहजिकरण गरिनेछ ।
- जैविक विविधता एवं पानी मुहान संरक्षणको लागि एक वडा कम्तिमा एक पोखरीको अभियानलाई सञ्चालन गरीने छ भने सार्वजनिक स्थानमा रहेका पोखरी, ताल, सिमसारको संरक्षणमा जोड दिईनेछ ।
- निर्माण सामाग्रि जस्तै गिट्टि, बालुवा, ढुंगा, ईट्टा, रड आदि सार्वजनिक आवागमन हुने सडकमा नराख्ने प्रबन्ध गर्ने नीति अंगिकार गरीने छ ।
- कृषिबालिमा किटनासक औषधिको प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्दै जैविकप्रविधिको विकासका लागि विशेष पहल गरीने छ ।
- नीजि वन लगाउनका निमित्त प्रोत्साहन गरीने छ ।

- प्रांगारीक कृषि प्रणालीलाई प्रबर्द्धन गर्ने नीति अवलम्बन गरीने छ ।

६) संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरु

- गाउवासीका गुनासाहरु गाउसंगै भन्ने सिद्धान्तलाई अबलम्बन गरीने छ । जसका लागि हरेक महिनाको १ दिन प्रत्येक वडालाई समय र मिति निर्धारण गरी गाउपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमूख प्रशासकीय अधिकृतमध्ये एक जना वडा कार्यालयमा गएर बस्ने र जनताका समस्या र गुनासाहरु सुन्ने नीतिलाई निरन्तरताका कार्यान्वयनमा ल्याईने छ ।
- गाउ क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको खोजि, संरक्षण र दिगो उपयोगका लागि प्रचलित कानुन बमोजिम वातावरण मैत्री रोजगारीमूलक ग्रामीण उद्योग तथा उद्योग/प्रतिष्ठान स्थापना गर्न  प्रबन्ध गरीने छ ।
- गाउ क्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुले गाउ क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दा नेपाल सरकारको घोषित नीति बमोजिम गाउपालिका बाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ । उल्लेखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई गाउपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीति अबलम्बन गरीने छ ।
- पिपरा गाउपालिकाको एप्स बनाई गाउपालिकाले संचालन गर्ने विविध गतिविधिहरुको सार्वजनिक गर्ने नीति अबलम्बन गरीने छ ।
- अन्य विविध विषयहरुमा समेत आवश्यक निति नियमन गर्ने कार्य अगाडी वढाईने छ ।
- गाउपालिका र अन्य सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक बडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिनेछ । नागरिक बडापत्रलाई मोवाईल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिने छ ।
- मुस्कान सहितको सेवा, जनताको पेवा भन्ने मूल नारालाई गाउका ७ वटै वडा कार्यालयहरु सम्बन्धित वडामा नै स्थापना गरेर थप प्रभावकारी बनाउँदै गाउपालिकाको सार्वजनिक सेवा प्रभावहलाई सेवाग्राही मैत्री बनाइने छ ।
- कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गरीने छ । प्रचलित कानुन बमोजिम कार्य सम्पादनका आधारमा पुरस्कार र दण्ड समेतको व्यवस्था गरीने छ ।
- गाउपालिकामा कार्यरत कर्मचारीलाई थप उत्प्रेरीत बनाउँदै गाउपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने छ । जनशक्ति न्यून रहेको वर्तमान समयमा स्थायी पदपूर्ति भई नआउदासम्म करार सेवा द्धारा व्यवस्थापन गरीएका जनशक्तिलाई निरन्तरता दिइने छ ।
- पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याईने छ ।
- गाउपालिकाका कार्य सम्पादन गर्ने उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- गाउपालिकाका गतिविधीलाई सार्वजनिक गरी पारदर्शि स्थानीय सरकारको प्रत्याभूती गाउवासीलाई दिलाउने नीति अबलम्न गरीने छ । हालमा राखिएको डिजिटल सूचना पाटीलाई क्रमश वडा तहमा विस्तार गरिने छ ।

- गाउमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिबृद्धिमा जोड दिइनेछ ।
- ”सूचना, तपाईको अधिकार“ भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिनेछ।
- गाउपालिकाको सवै सूचनाहरु वेवसाईट, सामाजिक संजाल पेज, रेडियो तथा पत्र पत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाईने छ । प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमशः प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अंगिकार गरिनेछ ।
- निर्वाचित पदाधिकारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कार्यालयको प्रशासनिक तथा भौतिक अवस्थालाई क्रमशः सुदृढ गर्दै लगिने छ।
- वडा कार्यालयहरुको सुदृढिकरण गरी सेवा प्रवाहलाई सेवा प्रवाहलाई सुदृढ गर्दै लगिने छ ।
- गाउपालिकामा कार्यरत कर्मचारीहरु तथा जननिर्वाचित पदाधिकारीहरुको लागि आचार संहिता बनाई लागु गरिनेछ।
- सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन पहिलो प्रवेश पहिलो सेवा प्रणाली **(First come-first service)** अबलम्बन गरिने छ ।
- गाउपालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाइने छ ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गलत काम गर्नेलाई कारवाहीको व्यवस्था गरिने छ ।
- गाउपालिकामा कार्यरत कर्मचारीहरुमध्ये कार्यबोझको आधारमा मापदण्ड निर्धारण गरी प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।
- पदाधिकारी क्षमता विकास अभिबृद्धि र प्रोत्साहनको लागि प्रतिफल युक्त तालिम तथा अवलोकन भ्रमणको ब्यवस्था गरिने छ ।
- गाउपालिकाको सम्पूर्ण सेवालाई महिला, बाल र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै गाउबासी जनतालाई सूचनाको हक अधिकारको पुर्णरुपमा प्रत्याभुति दिलाइने छ ।
- अन्तर गाउ सम्वन्धको विकास गर्दै विदेशका उत्कृष्ट गाउ संग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।
- गाउमा त्रियाशिल सञ्चारकर्मीहरुको परिचालन गरी गाउ एवं वार्डका गतिविधिहरु सम्प्रेसित गर्ने व्यस्था मिलाईने छ । पत्रकारिता विकासको लागि गाउपालिकाले आवश्यक पहल गर्ने छ ।
- जनताले सूचना पाउने हकको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- संघीय सरकार, महालेखा परिक्षकको कार्यालय, महालेखा नियन्त्रण कार्यालय तथा केन्द्रिय लेखा प्रणालीका आम्दानी तथा खर्च शिर्षकहरुमा गाउपालिकाको आम्दानी तथा व्ययका शिर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली संचालन गरिने छ ।
- विगतमा गाउपालिकाले प्रक्षेपण गरे अनुसारको राजश्व उठाउन नसकेको सन्दर्भमा राजश्व सम्बन्धमा विस्तृत अध्ययन गरी प्रतिवेदन लिई करका दायरालाई अभिबृद्धि गरिने छ ।
- गाउपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गर्दै लगिने छ ।
- गाउपालिकामा करको दायरामा आउन नसकेका र ल्याउन नसकिएका व्यवसायी तथा गाउबासीहरुको पहिचान गरी दायरामा ल्याउन प्रयन्त गरिने छ ।

- कर संकलन प्रक्रियालाई पारदर्शी बनाउने, अभिलेखी करणलाई व्यवस्थित गरिने छ।
- कर सचेतना सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
- उत्कृष्ठ कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कृत गर्ने नीति अख्तियारी गरिने छ
- गाउपालिकाको विकास निर्माण लगायत कार्यसंचालन गर्दा बेरुजुको आयतनलाई बढ्न नदिई आयोजनाको कामको आधारमा भुक्तानी दिने कार्यलाई अगाडी बढाईने छ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ। खर्चलाई नतिजासंग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिने छ।

७. बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धी नीति

- स्थानीय सरकार संचालन ऐन, २०७४ तथा योजना तर्जुमा दिग्दर्शनले मार्गदर्शन गरेका सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पुरा गरी टोल, बस्ती तथा समुदायबाट प्राप्त योजनाहरुलाई वडाले प्राथमिकीकरण गरी आफ्नो सीमा भित्रको निर्णय भई प्राप्त भएको छ। ति योजनाहरु जनताले प्रत्यक्ष रुपमा अनुभुती गर्ने र देखिने खालका छन। उक्त योजनाको कार्यान्वयन समेत वडा मार्फत नै गरिने व्यवस्था मिलाइनेछ।
- गाउपालिकामा रहको बजेटबाट ठुला आयोजनाहरुको तयारी गरी कार्यान्वयन गरिने छ।
- जनसहभागिता अभिबृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रबर्द्धन गर्ने नीतिलाई प्रमुखता दिइने छ।
- गाउबासीका असिमित आवश्कता र चाहनालाई पुरा गर्नको लागि सबै वडा कार्यालय तथा गाउपालिकामा पेश भएका योजनाहरुमा बजेट नपुग भएकोले योजनाहरुलाई एकत्रित गरी योजना संग्रहको रुपमा राखिने र ति योजनाहरुको लागि लाग्ने थप रकम निकासाको लागि प्रदेश सरकार र संघीय सरकारमा माग गरिने छ।

अब म आगामी बर्षको अनुमानित बजेटको संक्षिप्त रुप प्रस्तुत गर्न चाहन्छु :

माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि आगामी आ.ब. २०७५।०७६ को आय तर्फ सघीय सरकारबाट वित्तीय समानीकरण ११ करोड १० लाख, राजश्व बाँडफाँड ६ करोड ५५ लाख ७५ हजार, सामाजिक सुरक्षा तर्फ ४ करोड ६१ लाख ४० हजार, शसर्त अनुदान १२ करोड ६३ लाख, प्रदेशबाट वित्तीय सामानीकरणतर्फ २९ लाख ४३ हजार, शसर्त तर्फ ५० लाख, आन्तरिक तर्फ १ करोड १० लाख २५ तथा विगतको बाँकी २ करोड गरी ३८ करोड ९३ लाख ८३ हजार आयको अनुमान गरिए को छ। साथै व्यय तर्फ गाउपालिका तर्फ ६ करोड २८ लाख ९९ हजार र शसर्त चालु तर्फ १२ करोड ६३ लाख गरी रु. १८ करोड ९१ लाख ९९ हजार तथा पूँजीगत तर्फ २० करोड ०१ लाख ८४ हजार प्रस्तावित गरी विनियोजन गरिएको छ। पुँजीगत तर्फ प्रति वडालाई १ करोड ३७ लाखको दरले बजेट सीमा उपलब्ध गराई वडाबाटनै आएका योजनाहरु स्वीकृती गरी कार्यान्वयनको व्यवस्था मिलाइएको साथै गाउँपालिका स्तरीय योजनाबाट ठूला तथा रणनीतिक योजनाहरु संचालन गर्ने व्यवस्था मिलाएको छु।

आदरणीय उपस्थित सम्पूर्ण उपस्थित महानुभावहरु

गाउपालिकाले आर्थिक बर्ष २०७५/०७६ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरु सभाबाट स्वीकृत गर्ने हुँदा सारांश मात्रै प्रस्तुत गरेको गरेको व्यहोरा

अनुरो गर्न चाहन्छु । नीति, कार्यक्रम तथा बजेटको दस्तावेज तयार गर्नु आफैंमा महत्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहँदैन । तसर्थ नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाइने छ । त्यसको लागि सम्वद्ध सवैको सार्थक सहयोग आवश्यक पर्दछ ।

प्रस्तावित बजेटलाई गाउपालिका, वडा कार्यालय तथा विषयगत शाखासमेतबाट प्रभावकारी रुपमा कार्यान्वयन हुने व्यवस्था मिलाइएको छ । विस्तृत विवरण सहितको सर्म्पूण नीति, कार्यक्रम तथा बजेट समेटिएको गाउ विकास पुस्तिका प्रकाशनको साथै स्थानीय राजपत्रमा समेत प्रकाशन गरिने जानकारी गराउँदछु ।

अन्तमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं परोक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय सांसदज्यूहरु, वडाका अध्यक्ष एवं सदस्यज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, बिषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकाकारी कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, आम गाउबासी र गाउसभा तयारीको लागि अहोरात्र खटिने गाउपालिकाका सवै कर्मचारीहरु प्रति आभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

जय पिपरा । जय जनता ॥

विनोद कुमार चौधरी

गाउँपालिका अध्यक्ष

पिपरा गाउँपालिका, महोत्तरी, नेपाल ।